# तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषद

केन्द्रीय पार्षदसभा-२०८१

**सांगठानिक तथा प्रगति प्रतिवेदन**

मिति २०८१ असोज ३ र ४ गते, काठमाण्डौं ।

**आदरणीय अध्यक्ष ज्यू**

यस १४ औं केन्द्रीय पार्षदसभामा पाल्नु भएका संरक्षक परिषदका पदाधिकारी तथा सदस्यहरु, सल्लाहकार समितिका संयोजक तथा सदस्यहरु, निर्देशन तथा अनुगमन समितिका संयोजक तथा सदस्यहरु, अन्य समितिका संयोजकहरु, विशेष सदस्य संगठन, प्रदेश कार्यसमितिहरु, जिल्ला कार्यसमितिहरु, अनुसुचीका तमू संघसंस्थाहरु, भातृसंस्थाहरुका सम्पुर्ण प्रतिनिधी/पर्यवेक्षकमा संघीय राजधानी काठमाण्डौंको यस सभामा सर्वप्रथम केन्द्रीय कार्यसमितिबाट हार्दिक स्वागत गर्दै छयाजलो व्यक्त गर्दछु ।

यस घडिमा राष्ट्रिय स्वाधिनताका लागि लड्ने काजी झागल गुरुङ, सरदार बंशु गुरुङ तथा तमू समुदायको लागि शहादत प्राप्त गर्नुहुने शहिदहरु सुपति गुरुङ, सुकदेव गुरुङ लगायत ज्ञात अज्ञात शहिदहरु तथा तमू जातिका लागि बिशिष्ट भुमिका निर्वाह गर्नुभएका स्वर्गीय डा. हर्क गुरुङ, स्वर्गीय प्रा.डा. ओम गुरुङ, संरक्षक अध्यक्ष स्वर्गीय डा. रेमबहादुर गुरुङ, संरक्षक महासचिव स्वर्गीय श्रीप्रसाद गुरुङ, तमू (गुरुङ) राष्ट्रिय परिषदका संस्थापक अध्यक्ष स्वर्गीय प्रा. सन्त बहादुर गुरुङ, संरक्षक पूर्व अध्यक्ष स्वर्गीय शेरबहादुर गुरुङका साथै केन्द्रीय कार्यालय भवनका लागि खटने स्वर्गीय मोहन गुरुङ, स्वर्गीय क्या. मेखसिं क्ले गुरुङ प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै यस बिचमा महत्वपूर्ण योगदान दिनुभएका तत्कालीन पुर्व अध्यक्ष स्वर्गीय कर्णेल लालकाजी गुरुङ, घनपोखरा तमू समाज, काठमाण्डौंका अध्यक्ष स्वर्गीय यज्ञ प्रसाद गुरुङ, केन्द्रीय सल्लाहकार स्वर्गीय कमला गुरुङ, काठमाण्डौं जिल्लाका बरिष्ठ उपाध्यक्ष स्वर्गीय सुकबहादुर गुरुङ, केन्द्रीय सल्लाहकार तथा पुर्वमन्त्री स्वर्गीय सुर्यमान गुरुङ, केन्द्रीय सल्लाहकार स्वर्गीय हर्कबहादुर गुरुङ र संस्थाका विभिन्न नेतृत्वकर्ताहरुको परिवारका सदस्यहरुको देहान्तप्रति भावपूर्ण श्रद्धाञ्जली तथा गहिरो समवेदना व्यक्त गर्दछु । साथै यस १४ औं पार्षदसभाको व्यवस्थापन नेतृत्व गरि सु-सम्पन्न गर्न भुमिका खेल्ने यस संगठनका काठमाण्डौं जिल्ला कार्य समिति र ललितपूर जिल्ला कार्यसमिति, आबद्ध तमू संघसंस्थाहरु, सहयोगदाताहरु, स्वयसेवकहरु सबैमा ह्रार्दिक आभार व्यक्त गर्दछु ।

अध्यक्ष महोदय,

हाम्रो संगठनको दोस्रो महत्वपूर्ण नीतिगत तथा सांगठानिक संरचना केन्द्रीय पार्षदसभा रहेको छ तसर्थ, यस सभाले हाम्रो संगठनले निर्दिष्ट गरेका उद्देश्य र कार्यक्रमहरु परिपूर्ति गर्नका लागि अहिलेसम्म लिएका नीति, कार्ययोजनाको समिक्षा गरी उपलब्धिहरु समुदायमा संस्थागत गर्ने र कमिकमजोरीहरुलाई सांगठानिक विधि, पद्धति अनुरुप समाधान गर्न सक्रिय भुमिका खेल्नेछ भन्ने विश्वास लिएका छौं । अब म केहि विषयमा संस्थाको धारणाहरु राख्न अनुमती माग्दछु ।

### १) संस्थाको इतिहास र समुदायको अवस्था :

तमू (गुरुङ) जातिको संस्थागत विकास वि.सं. २०११ सालमा स्थापित **गुरुङ कल्याण संघ** देखी संगठित भएको इतिहास छ । तत्पश्चात विभिन्न समयमा तत्कालीन कालखण्डको राजनैतिक तथा सामाजिक चेतनाको हिसाबले समुदायको हक, हित र अधिकारका लागि तमूका संघ-संस्थाहरु स्थापित हुन पुगे । तमू जातिको पहिचान, भाषा, संस्कार, संस्कृतिहरुको जर्गेना गर्न र राज्यको मुल प्रवाहिकरणमा प्रभावकारी भुमिकाका लागि तमू संस्थाहरुको अस्तित्व र इतिहासको सम्मान गरि राष्ट्रिय संस्थाको अपरिहार्यतालाई सम्बोधन गरेर वि.स. २०६५ सालमा चितवनमा सम्पन्न ऐतिहासिक प्रथम तमू एकता राष्ट्रिय महाधिवेशनबाट छाता संगठनको रुपमा तमू ह्युल छोंज धीं गुरुङ राष्टियृ परिषद स्थापित गर्न हामी सफल भयौं । यस पार्षदसभासम्म आइपुग्दा संस्थालाई एकता महाधिवेशनबाट सांगठानिक रुपमा र कावासोतीमा भएको तेस्रो पार्षदसभाबाट तमू (गुरुङ) जातिको एक मात्र अधिकारिक साझा, राष्ट्रिय तथा छाता अधिकारवादी संगठन हो भन्ने विधानत् स्थापित गर्न सफल भएको यथार्थलाई यस अवसरमा पुन स्मरण गर्न चाहन्छु ।

यो पार्षदसभामा हामी तमूहरुले संघसंगठन निर्माणको शुरुवात हुदाँको स्थापित मान्यता *"सम्पुर्ण तमू (गुरुङ)हरु एक हौं"* र *"शास्त्र हराए संस्कृति हराउँछ ! संस्कृति हराए परम्परा हराउँछ !! परम्परा हराए मानव जातिको अस्तित्व हराउँछ !!!"* भन्ने मुल मन्त्रलाई फेरी एकपटक बोध गर्नु नितान्त आवश्यक भइसकेको छ । यतिबेला हामी तमूहरु एक हौं भन्ने मान्यतालाई बाहिरी रुपमा उच्चारण गरिरहेतापनि भित्रभित्रै तमूहरु थरगत रुपमा, क्षेत्रगत रुपमा, धार्मिक कर्मकाण्ड र संस्कारहरु अवलम्बन गर्ने नाममा, विभिन्न राजनैतिक दलको तमू नेतृत्वको रुपमा देखापर्ने नाममा, तमू संघसंस्थाहरु

बिचमा भौतिक सम्पतिको प्रतिस्पर्धा गर्ने नाममा हामी नजानिदो ढङ्गले थप विभाजित हुन पुगेका छौं । जसको कारणले गर्दा आज तमूवानको माग, भाषा, संस्कार, संस्कृति र राज्यमा पहुच, प्रतिनिधित्वको पक्षमा कमजोर हुन पुगेका छौं, यो विषय तमूहरुको लागि समग्रमा चिन्ताको विषय भएको छ । त्यसैले सम्पुर्ण तमू संघसंस्थाहरु बिचमा यस विषयमा छलफल, विभार गोष्ठी, अर्न्तक्रिया र सचेतना कार्यक्रम व्यापक रुपमा गर्ने, तमू जातिको अस्तित्व र पहिचानसँग जोडिएका विविध पक्षहरुमा संस्थागत भुमिका झल्किने गरी उनीहरुको अगुवाईमा उपलब्धी हासिल हुने किसिमका कार्य गर्न उत्प्रेरित गर्नुपर्छ । यसैगरी केहि तमू विद्वान तथा अभियन्ताहरुबाट सामुहिक छलफलबाट निष्कर्ष निकाल्ने र संस्थागत प्रणालीबाट अनुमोदनका लागि समुदायमा जाने भन्दापनि सामाजिक संजाल वा मिडियाबाट समुदायका सम्वेदनशील विषयमा व्यक्तिगत धारणाहरु प्रस्तुत गर्ने क्रियाकलापले समुदायलाई थप अन्यौल पार्ने कार्य भईरहेको छ । यस्ता खालका गलत अभ्यासहरुले तमूहरुलाई एकताबद्ध बनाउन र भाषा, संस्कार, संस्कृति, ऐतिहासिकता संरक्षणमा अवरोध गरेको छ । त्यसैले यि किसिमका कार्यलाई निस्तेज गर्न हामी सबै लाग्नु आजको मुल कर्तव्य भएको छ ।

यसरी नै हाम्रो मुद्धाहरुलाई कमजोर बनाउन र आन्दोलनलाई नियन्त्रण गर्न राजनैतिक दलहरुले हाम्रा खालका संस्थाहरुलाई कमजोर तुल्याउन प्रयासरत छन, हाम्रा मुद्धाहरुलाई सशक्त बनाउन भन्दा पनि पार्टी नेतृत्वबाट संचालित हुने कार्यकर्तालाई संस्थाको नेतृत्वमा जिम्मेवारी प्रदान गराई समुदायका साझा मुद्धाहरुबाट विमुख गराउने र भोट बैंकको रुपमा मात्र प्रयोग गर्ने खतरा देखापर्न थालेको छ । यो कुरालाई नजरअन्दाज नगरी संस्थालाई विशुद्ध तमू जातिको हितमा बढाउनु हामी सबैको कार्यभार हो । त्यसका लागि संस्थाका नेतृत्वहरुमा रहने व्यक्तिले दलगत आस्थाभन्दा माथि रहि संस्थाको जिम्मेवारीलाई बुझ्ने, साझा व्यक्तिको रुपमा क्रियाशील हुने र अस्तित्वमा रहेका राजनैतिक दलहरुसंग सामुदायिक हितलाई प्रधान बनाई समानताको हिसाबले व्यवहार गर्ने गरिनुपर्छ । त्यसैगरी तमू जाति भित्रका सांस्कृतिक तथा धार्मिक कार्यमा सहअस्तित्व र सहकार्यको सन्तुलनको सिद्धान्तलाई संरक्षण गरी रगतको सम्बन्ध नै मुख्य सम्बन्धको रुपमा स्वीकार गर्ने वातावरण निर्माण गर्नु नै समुदायको मेरुदण्ड आधार हो, यसको संरक्षणले नै हामीलाई विखण्डनबाट जोगाउनेछ ।

**२. तमू धीं नेपालसँगको एकता :** "एकता आवश्यकता मात्र होइन अनिवार्यता हो" भन्ने मान्यतामा रहि तमूहरुको सामाजिक संस्थाहरुको एउटै राष्ट्रिय छाता, अधिकारमुखी संगठन निर्माण गर्ने उद्देश्य सहित १३ औं केन्द्रीय पार्षदसभाबाट तमू एकतालाई सार्थकतामा पुराउनका लागि नीतिगत अधिकार प्रदान गरेसगै हाम्रो संगठन र तमू धीं नेपाल बिचमा तमू एकताको सैद्धान्तिक पक्षमा सहमत हुदै विधानका आकार, उद्देश्य, कार्यक्रम, संरचना लगायतका धैरे बिषयहरुमा सहमति भैसकेको छ भने सो सहमतीलाई दुवै संस्थाबाट अनुमोदन र थप वार्ता सम्पन्न भैसकेको छ । अब तमू एकता कार्यलाई पुर्णताका लागि प्रक्रिया चलिरहेको र निष्कर्ष पुऱ्याउन कार्यदल बढिरहेको छ ।

**३) आदिवासी जनजाति आन्दोलन, तमूवान प्राप्तिका कार्यभार :**

आदिवासी जनजातिहरुको साझा पहिचान, मुद्धाहरुको वर्गिकरण छनौट र ती कुरालाई संघर्ष र आन्दोलनको माध्यमबाट प्राप्तिका लागि २०४७ सालमा सामुहिक प्रयासबाट नेपाल आदिवासी जनजाति महासंघको स्थापना भएको हो । स्थापनासँगै महासंघका नीतिहरु र नेतृत्वका पहलकदमीले यो संगठन उत्पीडितहरुको पहरेदार र आदिवासी जनजातिहरुको राज्यसँग लड्ने प्रमुख प्रतिपक्षी आवाजको रुपमा आफुलाई स्थापित गर्न सफल भयो । गणतन्त्रको स्थापनासंगै आदिवासी जनजाति आन्दोलन अझ उचाईमा पुग्न सफल भएपछि राजनैतिक दल तथा सरकार पहिचानका मुद्धाहरुप्रति २० बुँदे र ९ बुँदे सम्झौतामार्फत सकारात्मक देखिन बाध्य भए । उक्त कालखण्डमा आन्दोलनले राज्य धर्मनिरपेक्ष राष्ट्र घोषणा, समानुपातिक निर्वाचन प्रणाली र समावेशिता कायम, शिक्षा र सेवामा आरक्षण लागु तथा आदिवासी जनजाति सम्बन्धि संयुक्त राष्ट्रसंघको घोषणापत्र अनुमोदन र आइएलओ १६९ पारित काम भयो । यस किसिमका उपलब्धिपछि एकात्मकवादी शासकहरुले छलकपटपुर्ण तरिकाबाट पहिलो संविधानसभा विघटन र पहिचान सहितको मुद्धाहरुलाई किनारामा पार्ने कार्य भयो । सोहि क्रममा आदिवासी नेतृत्वहरुलाई राजनैतिक दलहरुले आफ्नो स्वार्थ अनुकूल प्रयोगका लागि जनप्रतिनिधी तथा राजनैतिक नियुक्ति दिने कार्यलाई तीब्रता दिने कार्य भयो । यसले गर्दा समग्र आदिवासी मुद्धा र नेतृत्व कमजोर हुन पुग्यो, फलस्वरुप जातिय ऐतिहासिक पहिचानका आधारमा प्रदेशको नामाकरण गर्ने सवालमा हामी सफल हुन सकैनौ । अहिलेपनि आदिवासी आन्दोलन एकात्मकवादी सोच बोक्नेबाट निर्देशित हुने, आफ्नो व्यक्तिगत हितलाई प्राथमिकता दिने प्रवृति बोक्ने आदिवासी अगुवाहरुको घेराबाट उठ्न सकिरहेको छैन । यसै सन्दर्भमा नेपाल आदिवासी जनजाति महासंघ पनि विशुद्ध अधिकारमूखी आन्दोलनकारी संगठन भन्दा पनि राजनैतिक दलको सामिप्यता र व्यक्तिगत अवसर प्राप्ति गर्ने माध्यमतर्फ मुखरित भएको छ । महासंघले साझा सवालहरुमा आन्दोलनका सांगठानिक आधार र कार्यक्रमको शुरुवात गर्ने भन्दापनि दातृनिकायको सहयोगमा परियोजना कार्यक्रम संचालन गर्ने विकासवादी गैरसरकारी संस्था र राज्यका सहयोगी साझेदार संगठनको

रुपमा स्थापित गर्ने कार्य भइरहेको देखिन्छ। तसर्थ हामीले आ-आफ्नो ठाउबाट महासंघलाई आदिवासी जनजातिका मुदामा नेतृत्वदायी भुमिकाका लागि दवावका साथै नेतृत्वलाई सचेत र खबरदारी गर्नुपर्छ।

यसैगरी हाम्रो साझा मुद्धा तमूवान प्राप्तिका लागि विगतमा भएका आन्दोलनको समिक्षा, नेतृत्वको भुमिका र असफल हुनुका कारणहरुको गम्भिर समिक्षा गर्ने र आगामी दिनमा प्राप्तिका लागि आधारहरु तयार गर्न रणनीतिक कार्ययोजना बनाउन लाग्नुपर्छ। यसैगरी तमूवान भूमिमा जन्मिएका हरेक नागरिकको समानताको अधिकारलाई सुनिश्चितता गर्दै तमूवान प्राप्तिका दिशामा केन्द्रीत गर्नुपर्छ। यस भूमिमा बसोबास गर्ने सम्पुर्ण जातिको सांस्कृतिक, राजनैतिक, आर्थिक र सामाजिक मान्यतालाई सम्मान, राज्यको अङ्गमा समान अवसरको अधिकार कायम गर्ने र ती समुदायमा तमूवानको जनमत वृद्धिका लागि निरन्तर छलफल र सम्वाद गरी अनुकूल बनाउने कार्य गरिनुपर्छ। साथै तमूवान मुद्धा प्राप्तिका आधार निर्माणका लागि केन्द्र, प्रादेशिक र स्थानीय तहमा विभिन्न प्रकारका अभियानहरु संचालन गर्नुपर्छ।

**४) भाषिक अवस्था :**

भाषा कुनैपनि जातिको प्राण हो। तमू (गुरुङ) जातिले बोलिने भाषा "तमू क्युई" रहेको र बोल्ने लवजको शैलीमा विविधता रहेको छ। हाम्रो भाषा लामो समयसम्म राज्यको भाषिक तथा सांस्कृतिक विभेदका कारणले साथै वर्तमानमा अन्य भाषालाई हाम्रो आफ्नो परिवारमा प्रयोग गर्न पाउदाँ सभ्य भएको महसुस गर्ने खालको अभ्यासले अहिले तमू भाषा लोपोन्मुख अवस्थातर्फ तीव्र रुपमा अग्रसर भईरहेको छ। जसको फलस्वरुप हाम्रो समुदायका युवा पुस्ताहरुले मातृभाषा दैनिक बोलीचालीमा प्रयोग गर्ने कार्य अत्यन्त कम संख्यामा रहेको र बालबालिकामा मातृभाषाको प्रयोग भन्दा पनि अन्य भाषामा बोल्न प्रोत्साहित गरिरहेको अवस्थाले भाषिक अवस्था कहालीलाग्दो अवस्थामा पुगेको छ। तसर्थ आजको दिनमा तमू मातृभाषा संरक्षण र भाषा बोल्नेको संख्या बृद्धि गर्नु हाम्रो प्रमुख जिम्मेवारीको रुपमा बोध गर्दै हाम्रो संगठन तमू भाषा प्रयोगका लागि आवश्यक नीति, योजना बनाई कार्यक्रम लागु गर्नेछ। यसरी नै तमू भाषालाई जर्गेना गर्न राज्यबाट मान्यता दिलाउने र समुदायमा राज्यबाट शिक्षामा प्रयोग र सवैधानिक तथा कानुनी रुपमा यसको अभ्यास हुन आवश्यक छ, तबमात्र तमू भाषा जिवित रहने आधार एवं यसको प्रयोग अवसरको माध्यम हुन सक्दछ। त्यसैले हामीले तमूवान प्रदेश तहमा सरकारी कामकाजी भाषाको मान्यता र यसको प्रयोगका लागि केन्द्रका योजनामा प्रदेश कार्यसमितिको सक्रियतामा तमूहरुको सघन बसोबास रहेका स्थानमा तमू भाषालाई सरकारी कामकाजी भाषाको मान्यता स्थानीय सरकारबाट दिलाउन र सामुदायिक विद्यालयमा पठनपाठनका लागि लाग्नुपर्छ।

यसैक्रममा हाम्रो संगठनले तमू भाषालाई संविधानमा व्यवस्था भएबमोजिम तमूवान प्रदेशमा सरकारी कामकाजी भाषाको मान्यता र प्रयोगका लागि संविधान जारी भएको समयदेखि नै प्रदेशका मुख्यमन्त्रीहरुलाई मागपत्र, ज्ञापनपत्र, ध्यानाकर्षण, पत्र बुझाउने र सो विषयमा सरोकारवाला पक्षहरुसँग प्रतिनिधिमण्डल गई भेटघाट गर्ने कार्य भएको छ। साथै केन्द्रीय स्तरमा मिति २०८० माघ २४ गते हाम्रो संस्था र नेपाल मगर संघ बिचमा प्रदेशमा सरकारी कामकाजी गुरुङ भाषा र मगर भाषा लागु गर्न संयुक्त बैठक सम्पन्न गर्नुका साथै संयुक्त कार्यदल गठन गरियो। संस्थाबाट अध्यक्ष श्री कर्ण बहादुर गुरुङ, बरिष्ठ उपाध्यक्ष श्री रनबहादुर गुरुङ, संरक्षक अध्यक्ष श्री रेशम गुरुङ, उपाध्यक्ष श्री धनमान गुरुङ, महासचिव श्री डम्बर बहादुर गुरुङ, उपमहासचिव अधिवक्ता श्री राजु गुरुङ, कानुनी सल्लाहकार अधिवक्ता श्री खड्गबहादुर गुरुङ कार्यदलमा रहेको छ। यसैक्रममा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको सहयोग र दुई संस्थाको संयुक्त कार्यदलको सहकार्यमा गण्डकी प्रदेशसभाका माननीयहरु र सरोकारवालाहरुसँग मिति २०८१ जेष्ठ २५ गते पोखरामा अर्न्तक्रिया कार्यक्रम गर्न सफल भएका थियौ.। जसको फलस्वरुप हाम्रो संस्थाको नेतृत्व र निरन्तरको प्रयासले प्रदेश सरकारले २०८१/०८२ को नीतिमा हाम्रो भाषालाई सरकारी कामकाजको भाषाको रुपमा मान्यता दिन प्रक्रिया थाल्ने प्रतिबद्धता आइसकेको छ। त्यसैले सरकारी कामकाजी भाषाको रुपमा राजपत्रमा प्रकाशनसम्मका लागि संयुक्त कार्यदललाई आवश्यक विज्ञ र स्रोतहरु सहित प्रभावकारी रुपमा संचालन गनुपर्छ।

५.**अर्न्तराष्ट्रिय तमू समन्वय परिषद :** हाम्रो संगठनको नेतृत्वमा स्थापित अर्न्तराष्ट्रिय तमू समन्वय परिषदले आफ्नो सम्मेलन गर्ने क्रममा २०७९ सालमा दोस्रो अर्न्तराष्ट्रिय सम्मेलन सिक्किम राज्यमा सम्पन्न गरिसकेको छ। उक्त परिषदको प्रथम सम्मेलनले १७ बुँदे घोषणापत्र र दोस्रो सम्मेलनबाट १६ बुँदे घोषणापत्र जारी गरीसकेको अवस्था रहेको छ। विश्वका तमू बीचमा पारिवारिक सम्बन्ध प्रगाढ छ र भुगोल, थर, पेशा, संस्कार, खेगी र राजनैतिक आस्थाहरु भन्दा महत्वपुर्ण विषय जातिको अस्तित्व र पहिचान हो भन्ने मान्यता यस परिषदको रहेको छ। यस परिषदको संरचनात्मक प्रणाली विकास नभएकोले घोषणापत्रले उठाइएका विषयहरुलाई कार्यान्वयन गर्ने सन्दर्भमा अत्यन्त न्यून उपलब्धि मात्र हासिल गरेको छ। त्यसैले संस्थागत संरचना निर्माण गर्न र अर्न्तराष्ट्रिय स्तरमा यस ITC सँग समन्वय र सहकार्य हुनेगरी तमू कलाकार, प्राज्ञिक, व्यवसायी, साहित्य क्षेत्रमा क्रियाशील तमू संस्थाको अर्न्तराष्ट्रिय सञ्जाल निर्माण गर्ने कार्य गर्ने र

घोषणापत्रलाई कार्यान्यवन गर्न लाग्नुपर्छ । यस परिषदको छुटै बैधानिक संरचनागत आधार नदेखिएकोले यसलाई सचिवालयमार्फत व्यवस्थित गर्नुपर्दछ । साथै परिषदलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि यसका वेवसाइट निर्माण, स्मारिका प्रकाशन गर्नुपर्छ र तेस्रो सम्मेलनलाई परिणाममुखी बनाउन बृहत सहभागिताको हिसाबले भन्दा पनि विज्ञहरुको सहभागिता र विश्वभरिका तमूहरुको मुख्य नेतृत्वको विचबाट सम्पन्न गर्नेगरी आयोजना गर्न उपयुक्त देखिन्छ ।

**प्रिय प्रतिनिधीहरु,**

हाम्रो संस्थाको १३ औं केन्द्रीय पार्षदसभादेखि यता करिब १८ महिनाको दौरानमा केन्द्रीय कार्यसमितिबाट भएका निम्न गतिविधीहरु र आगामी कार्ययोजना अनुमोदनका लागि संक्षिप्त रुपमा प्रस्तुत गर्दछु ।

**क) बैठक :** यस बिचमा ३ पटक कार्यसमितिको पुर्ण बैठक, ५ पटक पदाधिकारी बैठक र ३ पटक अनौपोचारिक बैठक सम्पन्न गरि महत्वपूर्ण निर्णयहरु लिएको छ ।

**ख) प्रेस विज्ञप्ति तथा ध्यानाकर्षण :**

१. मिति २०८० श्रावण ३ गते यस संस्थाका पुर्व केन्द्रीय सल्लाहकार तथा भाटभटेनी सुपरमार्केट प्रा.लि.का अध्यक्ष श्री मीनबहादुर गुरुङलाई ललिता निवास जग्गा प्रकरणमा मौलिक हकको समेत उल्लङ्घन हुनेगरी आरोप लागेको भरमा अभियुक्त सरह धरपकड गरी पक्राउ गर्नु मानवअधिकारको उल्लङ्घन हो तसर्थ अविलम्ब थुनामुक्त गर्ने वातावरण राज्यबाट हुनुपर्ने माग र दोषी नउम्किउन, निर्दोष नफसुन भन्ने माग सहित विज्ञप्ति जारी गरियो ।

२. मिति २०८० श्रावण २६ गते प्राइम टेलिभिजनबाट संचालित “चिया गफ” कार्यक्रममा काठमाण्डौं महानगरपालिका ११ बस्ने अधिवक्ता श्री भगवती पाण्डेको आदिवासी जनजाति समुदायको वैवाहिक सम्बन्धलाई गलत ढंगले व्याख्या गर्दै समुदायलाई नै अपराधिकरण गर्ने प्रयास र एकल नश्लीय अभिव्यक्ति व्यक्त गरेको विरुद्धमा सो भनाई प्रति घोर भर्त्सना गरी गलत, भ्रामक अभिव्यक्तीका लागि कानुनी कारवाहीको माग सहित विज्ञप्ति जारी गरियो ।

**ग) मनोनयन र कार्यसमितिबाट बिदा :**

यस संस्थाको केन्द्रीय कार्यसमितिमा विधान बमोजिम अध्यक्षबाट सिफारिस भई आएका, छैटो पूर्ण बैंठकबाट श्री बुद्धि बहादुर गुरुङ नवलपरासी, श्री दिपक गुरुङ रुपन्देही, श्री कमला गुरुङ काठमाण्डौं, श्री गोपी गुरुङ चितवन र श्री मधु गुरुङ काठमाण्डौंलाई केन्द्रीय कार्यसमिति सदस्यमा मनोनयन गरिएको छ । त्यसैगरी संस्थाको केन्द्रीय कार्यसमितिको प्रदेश प्रमुख र सदस्य पदबाट ७ नं. प्रदेश प्रमुख श्री मनबहादुर गुरुङ, केन्द्रीय सदस्य श्री विजय गुरुङ कास्की, श्री चक्रबहादुर गुरुङ म्याग्दी, श्री दुर्गा गुरुङ गोरखा, श्री बिष्णु गुरुङ अर्घाखाँजीलाई बिदा दिने कार्य गरियो ।

**घ) नियुक्ति** : यस संस्थाको कार्य सम्पादनका लागि केन्द्रीय कार्यालय सहायक सचिव पदमा छैठो बैठकको निर्णयबाट श्री नवराज गुरुङलाई संस्थाको शर्तनामा भित्र रहि करारमा नियुक्त गरिएको छ ।

**ङ) विविध कार्यक्रम :**

१. मिति २०८० बैशाख १० गते केन्द्रीय कार्यालयमा “दि पोएट आइडल-२०२३” का विजेता युवा कवियत्री सुश्री निलम गुरुङलाई बधाई तथा सम्मान कार्यक्रम । साथै. मिति २०८० माघ ६ गते आइडलका प्रथम विजेता सुश्री निलम गुरुङको कविता संङग्रह “नपल्टाएका पानाहरु” विमोचन कार्यक्रम नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति श्री भूपाल राईको प्रमुख आतिथ्यमा केन्द्रीय कार्यालयमा सम्पन्न गरियो ।

२. मिति २०८० बैशाख ३१ गते गण्डकी प्रदेशका मुख्यमन्त्री माननीय श्री सुरेन्द्रराज पाण्डेलाई मुख्यमन्त्री कार्यालयमा गई संस्थागत रुपमा शिष्टाचार भेटघाट तथा बधाई ज्ञापन गरियो ।

३. मिति २०८० जेष्ठ १४ गते नेपाल आदिवासी जनजाति महासंघद्धारा जारी गरिएको तथाकथित कोशी प्रदेश नामाकरण बिरुद्धको प्रेस विज्ञप्तिप्रति समर्थन जनाउदैं ऐक्यबद्धता जनाउने कार्य भयो ।

४. मिति २०८० श्रावण १९ गते २९ औं विश्व आदिवासी दिवसको अवसरमा नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष श्री ग्याल्जे शेर्पाको प्रमुख आतिथ्यमा “पहिचान र अधिकार सुनिश्चितताको लागि आदिवासी जनजाति आन्दोलनमा सहभागी बनौं । परम्परागत ज्ञान, सीपको प्रर्वद्धन गर्दै, पूर्ख्यौली भूमि, भाषा र संस्कृतिको संरक्षण गरौं” विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

५. मिति २०८० भाद्र १ गते पुर्व अध्यक्ष स्वर्गीय प्राध्यापक सन्तबहादुर गुरुङको १४ औं स्मृति सभा “राज्य संरचना भित्र स्थापित आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानदेखि आदिवासी जनजाति मन्त्रालयको मागसम्म” विषयक विचार गोष्ठी आदिवासी जनजाति आयोगका अध्यक्ष माननीय श्री रामबहादुर थापामगरको प्रमुख आतिथ्यमा काठमाण्डौमां सम्पन्न गरियो ।

६. भरतपूर महानगरपालिका वडा नं. १६ बस्ने पुर्णीमाया गुरुङलाई सामाजिक संजालमा नीजको तस्विर सहित “गोरु खाने धराने” क्याप्सनमा व्यक्तिगत जिवनमाथि आघात पार्ने गरी नेपाल सरकारको पुर्व सचिव भिम उपाध्यायबाट पोष्ट गरेकोमा, यस सस्थाको चितवन जिल्ला कार्यसमिति र तमू प्ये ल्हु संघ, चितवनबाट गरिएको केन्द्रीय कार्यसमितिलाई अनुरोध पछि मिति २०८० भाद्र १७ गते नीज भिम उपाध्यायलाई केन्द्रीय कार्यालयमा बोलाई पुर्णीमाया गुरुङ समक्ष माफि मगाउने र आगामी दिनमा सो खालको क्रियाकलाप नदोराहाउने गरी लिखित माफीनामा मगाउने कार्य भयो ।

७. मिति २०८० असोज ६ गते सिक्किम गुरुङ एशोसियसनका संरक्षक तथा सिक्किम राज्यका पुर्व मन्त्री श्री गर्जमान गुरुङलाई केन्द्रीय कार्यालयमा स्वागत तथा शिष्टचार भेटघाट सम्पन्न गरियो ।

८. मिति २०८० पौष १० गते संस्थाको केन्द्रीय कार्यालयमा बृहत सहभागिता र साँस्कृतिक कार्यक्रम सहित “तमू ल्होसार शुभकामना तथा चियापान कार्यक्रम” सम्पन्न र पौष १५ गते केन्द्रीय कार्यसमितिको आयोजनामा टुढिखेलमा तत्कालीन प्रधानमन्त्री श्री पुष्पकमल दाहालको प्रमुख आतिथ्यमा सप्ताहव्यापी ल्होसार कार्यक्रम सम्पन्न गरियो ।

९.मिति २०८० माघ ११ गते तमू आदिकवी स्वर्गीय हर्कबहादुर गुरुङको जन्मजयन्तीमा केन्द्रीय कार्यालयमा स्मृति सभा मिलिजुली तमू (गुरुङ) समाज, काठमाण्डौंको संयोजनमा सम्पन्न भयो ।

११. मिति २०८० चैत्र १४ गते यस संस्थाको संरक्षक परिषदको बैंठक संरक्षक परिषदका अध्यक्ष श्री रेशम गुरुङको अध्यक्षतामा सम्पन्न गरियो ।

१२. मिति २०८० चैत्र १८ गते संरक्षक परिषदका अध्यक्ष श्री रेशम गुरुङको प्रमुख आतिथ्यमा संस्थाको १५ औं तमू एकता दिवस कार्यक्रम केन्द्रीय कार्यालयमा सम्पन्न गरियो ।

१३.मिति २०८० चैत्र १७ गते केन्द्रीय कार्यालयमा तमू धीं नेपालसँगको तमू एकता सम्बन्धी दुवै संस्थाको कार्यदलको संयुक्त बैठक सम्पन्न गरियो । यस अघि भएका सहमतीहरुलाई अनुमोदन गर्दै एकताका प्राविधिक कार्यका लागि उपसमितिहरु गठन र आगामी बैठक तमू धीं नेपालमा बस्ने गरी सम्पन्न गरियो ।

१४.मिति २०८१ बैशाख १५ गते एनआरएन बेलायतका पुर्व अध्यक्ष श्री पुनम गुरुङलाई केन्द्रीय कार्यालयमा स्वागत तथा शिष्टचार भेटघाट सम्पन्न गरियो ।

१५.मिति २०८१ जेष्ठ ५ गते बेशीशहर, लमजुङमा संस्थाको आयोजना, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको सहयोग र लमजुङ जिल्ला कार्यसमितिको व्यवस्थापनमा “तमू (गुरुङ) समुदायको मौलिक पहिचान दिने थातथलो सम्बन्धि एकदिने अन्तरक्रिया कार्यक्रम” सम्पन्न भयो ।

१६. मिति २०८१ जेष्ठ २८ गते हाम्रो संस्था र नेपाल मगर संघको संयुक्त पहलमा नेपाल सरकारका संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री माननीय श्री भानुभक्त जोशी समक्ष आदिवासी जनजाति आयोगबाट प्रकाशित थरहरुको सूचीका प्राविधिक त्रुटि संशोधन र मन्त्रिपरिषदबाट पारित गराउन ध्यानाकर्षण कार्य सम्पन्न गरियो ।

१७. मिति २०८१ असार १३ गते अर्न्तराष्ट्रिय तमू समन्वय परिषदमार्फत संचालित जुम सम्वाद अभियानमा महत्वपूर्ण योगदान गर्नुहुने अमेरिका निवासी प्राध्यापक डाक्टर श्री अनिल गुरुङ र डाक्टर श्री टोपराज गुरुङलाई केन्द्रीय कार्यालयमा स्वागत तथा सम्मान गरियो ।

१८. यस संस्थाका केन्द्रीय सल्लाहकार तथा नेपाल सरकारका संञ्चार तथा सुचना प्रविधि मन्त्री माननीय श्री पृथ्वी सुब्बा गुरुङलाई सम्बन्धित मन्त्रालयमा उपाध्यक्ष सिआई श्री टेकबहादुर गुरुङको नेतृत्वमा प्रतिनिधिमण्डल गई बधाई ज्ञापन गरियो ।

१९. मिति २०८१ श्रावण ४ गते तमू समाज, इजरायलका संरक्षक तथा नेपाल आदिवासी जनजाति महासंघ, इजरायलका पुर्व अध्यक्ष श्री निर्मला गुरुङलाई केन्द्रीय कार्यालयमा स्वागत तथा शिष्टचार भेटघाट सम्पन्न गरियो ।

२१. संस्थाका पुर्व संरक्षक अध्यक्ष डाक्टर रेमबहादुर गुरुङको १४ औं स्मृतिसभा कार्यक्रम संरक्षक अध्यक्ष श्री रेशम गुरुङको प्रमुख आतिथ्यमा केन्द्रीय कार्यालयमा सम्पन्न गरियो ।

२२. मिति २०८० श्रावण २२ गते संघीय सासद माननीय श्री मानबहादुर गुरुङलाई यस केन्द्रीय कार्यालयमा स्वागत तथा शिष्टचार भेटघाट कार्यक्रम सम्पन्न गरियो ।

२३. ३० औं विश्व आदिवासी दिवसको ऱ्याली तथा कार्यक्रम तयारी बैठक मिति २०८१ श्रावण २० गते केन्द्रीय कार्यालयमा उपत्यका भित्र रहेका तमू संघसंस्थाहरुको सहभागितामा सम्पन्न गरि उक्त दिवसको दिन संस्थाको मूल ब्यानरमा तमूहरुको बृहत सहभागिता रह्यो ।

२४. मिति २०८१ श्रावण ३१ गते तमू (गुरुङ) समाज, कतारका प्रथम उपाध्यक्ष श्री तेज प्ह्ज्यु गुरुङ र श्री चन्द्रा गुरुङ, क्यानडालाई केन्द्रीय कार्यालयमा स्वागत तथा शिष्टचार भेटघाट कार्यक्रम सम्पन्न गरियो ।

२५. तमू भाषा तथा भाषिकाको अध्ययन, अनुसन्धान गर्न, भाषा प्रशिक्षक उत्पादन गर्न, तमू भाषाविद् एवम् श्रष्ट्राहरुलाई सम्मान एवं पुरुस्कृत गर्नका लागि प्रभावकारी एवं दिगो विकासको अवधारणा सहित विश्वभरिका तमूहरुको सहयोगमा भाषा अक्षयकोष स्थापना गर्ने, सहयोगदाताहरुको सो कोष परिचालनमा प्रभावकारी भुमिका रहने गरी तमू भाषा, लिपी तथा साहित्य विभागको संयोजनमा अक्षयकोष कार्यविधी मिति २०८० चैत्र २४ गतेको बैठकबाट पारित गरियो ।

२६. आदिवासी जनजाति आयोगबाट हाम्रो संस्थालाई गुरुङ जातिको थर, उपथरहरुको सूचीका लागि माग भएबमोजिम, उपाध्यक्ष श्री धनमान गुरुङको संयोजकत्वमा सूची संकलन कार्यदल गठन गरियो । सो कार्यदलले संस्थाको आन्तरिक प्रणाली भित्रबाट साथै तमू विज्ञहरुको सहयोग र सामाजिक संजालमार्फत सुचना गरी प्राप्त तथ्यांक, सुझाव संकलनका साथै स्थलगत अध्ययन र स्रोतहरुको तथ्यलाई समावेश गरी प्राथमिक चरणमा मिति २०८१ वेशाख २४ गते तमू जातिको १७८ थरहरुको सूची आयोगलाई बुझाउने कार्य सम्पन्न गरियो ।

**च) अधिवेशन :**

१३ औं केन्द्रीय पार्षदसभा देखि यस बिचको अवधिमा सम्पन्न प्रदेश कार्यसमिति, जिल्ला कार्यसमिति र अनुसूची अन्तर्गतका तमू संघ/संस्थाहरुको अधिवेशनको विवरण निम्नानुसार रहेको छ ।

**१. भातृसंस्था :**

| मिति र स्थान | संस्था, अधिवेशन | विवरण |
|---|---|---|
| मिति २०८० मंसिर २२/इलाम | तमू ह्युल युवा छोंज धींको प्रथम राष्ट्रिय महाधिवेशन | श्री तोरण बहादुर गुरुङको अध्यक्षतामा कार्यसमिति निर्वाचित । |

**२. प्रदेश कार्यसमिति :**

| मिति | तह र कार्यक्रम स्थान | विवरण |
|---|---|---|
| २०८०/११/११ | दोस्रो ४ नं.प्रदेश अधिवेशन /तनहु | श्री पदमराज गुरुङको अध्यक्षतामा २१ सदस्यीय प्रादेशिक कार्यसमिति गठन । |
| २०८०/११/२० | दोस्रो १ नं.प्रदेश अधिवेशन /सुनसरी | श्री होम घलेको अध्यक्षतामा २१ सदस्यीय प्रादेशिक कार्यसमिति गठन । |

**३. जिल्ला समिति :**

| क्र.स. | नाम | मिति | विवरणहरु |
|---|---|---|---|
| १ | धादिङ | २०८०/०१/१८ | श्री शंकर गुरुङको अध्यक्षतामा २१ सदस्यीय कार्यसमिति गठन |
| २ | मकवानपूर | २०८०/०९/१५ | श्री केशर बहादुर गुरुङको अध्यक्षतामा १५ सदस्यीय कार्यसमिति गठन |
| ३ | गोरखा | २०८०/१०/१२ | श्री राम बहादुर गुरुङको अध्यक्षतामा २१ सदस्यीय कार्यसमिति गठन |
| ४ | गुल्मी | २०८१/०१/१५ | श्री बिक्रम गुरुङको अध्यक्षतामा १९ सदस्यीय कार्यसमिति गठन |

४. अनुसूचीका ७ बमोजिमका तमू संघसंस्था :

| क.स. | नाम | मिति | विवरणहरु |
|---|---|---|---|
| १ | नवबुद्ध गुरुङ सेवा समिति, काठमाण्डौं | २०८०/०४/ | श्री कृष्ण बहादुर गुरुङको अध्यक्षतामा कार्यसमिति गठन |
| २ | तमू हे तमू समाज, काठमाण्डौं | २०८०/०९/०७ | श्री टिकासिंह गुरुङको अध्यक्षतामा कार्यसमिति गठन |
| ३ | गुरुङ समाज कल्याणकारी संघ, काठमाण्डौं | २०८०/०४/२७ | श्री तोक बहादुर गुरुङको अध्यक्षतामा कार्यसमिति गठन |
| ४ | खोटाङ गुरुङ (तमू) सेवा समाज, काठमाण्डौं | २०८०/०५/२३ | श्री होमनाथ गुरुङको अध्यक्षतामा कार्यसमिति गठन |
| ५ | पेल्काचौर तमू समाज, काठमाण्डौं | २०८०/०६/ | श्री पदम गुरुङको अध्यक्षतामा कार्यसमिति गठन |
| ६ | संखुवासभा तमू समाज सेवा समिति, काठमाण्डौं | २०८०/०६/०६ | श्री दुर्गीमाया गुरुङको अध्यक्षतामा कार्यसमिति गठन |
| ७ | तमू (गुरुङ) समाज, तनहु काठमाण्डौं | २०८०/०६/०६ | श्री गंगाराम गुरुङको अध्यक्षतामा कार्यसमिति गठन |
| ८ | माछापूच्छ्रे तमू (गुरुङ) समाज, काठमाण्डौं | २०८०/१२/२४ | श्री लक्षिन प्रसाद गुरुङको अध्यक्षतामा कार्यसमिति गठन |

**१०) आगामी कार्ययोजना :**

यस संस्थाले १३ औं केन्द्रीय पार्षदसभाबाट पारित कार्यनीति भित्र रहि निम्न कार्ययोजना आगामी दिनमा कार्यान्वयन गर्नेछ ।

१. संस्थाको नियमित विभिन्न बार्षिक कार्यक्रमहरु र महाधिवेशन तथा पार्षदसभाबाट पारित कार्यक्रम तालिका समावेश गरी बार्षिक क्यालेन्डर आगामी १ महिना भित्रमा प्रकाशन गर्ने । संस्थाको विधान र नियमावली कडाईका साथ पालना गर्न, गराउन जोड दिइनेछ ।

२. आगामी राष्ट्रिय महाधिवेशन अगाडि नै संगठनको प्रदेश कार्यसमिति २, ५, ६ र ७ को अधिवेशन सम्पन्न गर्ने वा नयाँ अधिवेशन आयोजक समिति गठन गरिनेछ । त्यसैगरी प्रदेश कार्यसमितिको नेतृत्वमा कार्यकाल अवधि पुरा भई हालसम्म अधिवेशन नहुन सकेका ३२ जिल्ला कार्यसमितिहरुको अधिवेशन वा पुर्नगठन गर्नका आगामी महाधिवेशन अगाडि नै सम्पन्न गर्न निर्देशन गर्ने । साथै देशभरिका ७५३ स्थानीय तहमा यो एक बर्षको अवधिमा हाम्रो संगठनको एक चौथाई महानगर/उपमहानगर/नगर/गाउँ स्तरीय कार्यसमिति गठन गरिनेछ ।

३. केन्द्रीय भाषा, लिपी तथा साहित्य विभागमार्फत तमू मातृभाषा र खेमा लिपी प्रर्वद्धन अक्षयकोष मार्फत प्राप्त हुने रकमबाट तमू मातृभाषा तथा खेमा लिपी शिक्षण विधी (TOT Program)मार्फत भाषा शिक्षक उत्पादन गर्ने र उनीहरुलाई शिक्षकको रुपमा निश्चित सेवा सुविधा सहित परिचालन गर्ने कार्य गर्ने ।

४. केन्द्रीय कार्यालयमा तमू भाषाका प्रकाशित शब्दकोष, व्याकरण तथा तमू भाषा र खेमा लिपीसँग सम्बन्धित सामग्रीहरुको प्रति तथा डाटाहरु संकलन गरी भाषा पुस्तकालय र स्वर्गीय डाक्टर हर्क गुरुङबाट रचना गरिएका विभिन्न पुस्तक, प्रतिवेदन, जर्नल, शोधपत्रहरुको संग्रह गरी डा.हर्क गुरुङ कर्नरको स्थापना एक बर्ष भित्रमा सम्पन्न गर्नेछ ।

५. तमू जातिको आदिम भूमिमा ऐतिहासिक रुपमा तमू भाषामा राखिएका ठाउँहरुको नामहरुलाई खस भाषाका परिभाषित नामहरुमा परिवर्तन गरि हाम्रो भाषा र सांस्कृतिक स्थल, सम्पदाहरुमा असर गर्ने कार्य तिव्र रुपमा अगाडि बढिरहेको छ । जसको परिणामस्वरुप हाम्रो भाषा, सम्पदा र संस्कृतिहरु हाम्रै भूमिमा लोप हुने अवस्था सिर्जना भएको छ । तसर्थ

तमू थातथलोको मौलिक नामहरु पुर्नस्थापित गर्ने उद्देश्यले केन्द्रीय कार्यदलबाट जिल्ला तथा गाउँस्तरमा गई तीन महिने नामावली संकलन अभियान संचालन गर्नेछ । त्यसपछि प्रदेशस्तरमा थातथलो नामावलीलाई अन्तिम रुप दिन र रणनीतिक कार्ययोजना तयार गर्न दुई दिने कार्यशाला गोष्ठी सम्बन्धित प्रदेशमा गरिनेछ । उक्त कार्यशाला गोष्ठी र कार्यदलको प्रतिवेदनबाट आएका निष्कर्षहरुलाई तमूवान मुद्धाको रुपमा संस्थाको प्रमुख कार्य भित्र राखी अगाडि बढाइनेछ ।

६) जलवायु परिवर्तनको असरबाट हाम्रो थातथलोमा पारेको असर र सो असरबाट हाम्रो ऐतिहासिकता, अस्तित्व लोप हुने र हाम्रा सांस्कृतिक आधारहरु नष्ट हुने चुनौती देखा परिरहेको छ, तसर्थ, हाम्रो समुदायलाई सोबारेमा प्रशिक्षित गर्ने, असरलाई न्यूनीकरण गर्नका लागि प्रदेश तथा जिल्ला कार्यसमितिको संयोजन र स्थानीय कार्यसमितिको अगुवाईमा सचेतना कार्यक्रमहरु संचालन गरिनेछ ।

८. प्रत्येक प्रदेशमा सम्बन्धित प्रदेश कार्यसमितिको संयोजनमा सो प्रदेश भित्रका जिल्ला कार्यसमितिहरुको अगुवा नेतृत्वहरुको उपस्थिती रहने गरी संस्थाको परिचय र अवधारणाहरु लगायत तमू समुदायका अन्य विषयहरुलाई समेटी एक महिने प्रशिक्षण अभियान संचालन गरिनेछ । सोहि अभियान अन्तर्गत काठमाण्डौं उपत्यका भित्र रहेका तमू संघसंस्थाहरुका अगुवालाई छुटै प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।

९. तमू समुदायबाट अध्ययन, अनुसन्धानको क्षेत्रमा लाग्नुभएका तमू व्यक्तिहरु, राज्यका विभिन्न निकायमा रहि विशिष्ट योगदान दिनुभएका तमू व्यक्तिहरुलाई संगठनको संरचनामा भित्रबाट नै तमू जातिको विविध विषयमा अध्ययन, अनुसन्धान गर्नका र प्राप्त सुझावहरुलाई संस्थागत प्रक्रिया अन्तर्गत कार्यान्वयन गर्ने कार्ययोजना सहित तमू खेब प्ह्रीब छोंज (तमू प्रज्ञा प्रतिष्ठान) कार्यसमिति गठन र कार्यविधि तयार गरिनेछ ।

१०. हाम्रो संस्थाको नेतृत्वमा स्थापित "अर्न्तराष्ट्रिय तमू समन्वय परिषद"लाई गतिशिल तुल्याउन र आगामी अर्न्तराष्ट्रिय तमू सम्मेलन सम्पन्न गर्नका लागि सचिवालयको रुपमा प्रभावकारी कार्य गरिनेछ साथै यस संस्थाबाट महासचिवको नेतृत्वमा विदेश मामिला विभाग प्रमुख र संस्थाको कोषाध्यक्षलाई सचिवालयमा परिचालन गरिनेछ । भारतको सिक्किम राज्यको देन्ताममा सम्पन्न "दोस्रो अर्न्तराष्ट्रिय तमू सम्मेलन र तमू जुम सम्वाद कार्यक्रमका संग्रहलाई स्मारिकाको रुपमा प्रकाशन गर्न पहल गरिनेछ ।

११. तमू जातिकोतर्फबाट विभिन्न क्षेत्रमा क्रियाशील तमू (गुरुङ) कलाकार संघ, तमू (गुरुङ) पर्यटन व्यावसायी संघ, तमू संञ्चारकर्मी संघ, गुरुङ साहित्यिक मञ्च, गुरुङ फिल्म एशोसियसन नेपाल, तमू वैदेशिक रोजगार व्यावसायी संघ लगायतसँग तमू जातिको समग्र विकास र संरचनात्मक क्षेत्रसँग सम्बन्धित कार्यशाला गोष्ठी सम्पन्न गरिनेछ ।

१२. विधानको अनुसूची-७ मा रहेका तमू संघसंस्थाहरुलाई नेपाल सरकारको नीति, नियम अनुसार बैधानिक रुपमा संचालन गर्न र यस संस्थाको विवरणमा अद्यावधिक एवं नविकरण गर्ने कार्यलाई व्यवस्थित गनुपर्ने देखिएको छ । साथै राष्ट्रिय स्परुपमा संचालित तमू पेशागत संघसंस्थाहरुलाई यस छाता संस्था भित्र बैधानिक रुपमा अनुसूचीमा व्यवस्थापन गरि छाता संगठनको नेतृत्वमा पुग्नका लागि प्रतिनिधित्वको अधिकार व्यवस्था गर्नुपर्ने अनिवार्य भइसकेको छ । तसर्थ यसका लागि पेशागत तमू संघसंस्थाहरुलाई सदस्यता प्रदानको व्यवस्था गर्ने कार्य गर्नुपर्ने देखिएको छ । यसरी नै अनुसूची भित्र रहेका निष्क्रिय वा खारेज भईसकेका तमू संघसंस्थाहरुको नामावली अभिलेखबाट हटाउनु पर्ने देखिएको छ । यस अनुसूची विषयमा राय सुझाव तथा थपघटका लागि सिफारिस गर्नेगरी कार्यदल गठन गरिनेछ । साथै तमू थरगतको मुल संघसंस्थाहरुलाई परिचालन गर्नका लागि केन्द्रीय स्तरमा एउटा बृहत भेला आयोजना गर्ने र सो भेलाबाट आवश्यक नीति तथा संरचना निर्माण गर्न पहल गरिनेछ ।

<u>अन्य गरिने कार्यहरु :</u>

१. संस्कृतिविद् डा. जगमान गुरुङ, अनुसन्धानदाता श्री अनिता गुरुङ र तमू खेमा लिपी प्रमुख अभियन्ता श्री भिमप्रसाद गुरुङको संयोजनमा भाषा आयोगबाट स्वीकृत र हाम्रो संगठनको अगुवाईमा तयार गरिएको भाषिक अध्ययन प्रतिवेदनलाई पुस्तकको रुपमा प्रकाशन गरिनेछ ।

२. तमू जातिको प्रमुख चाँड ल्होसार, माडी, बुद्धजयन्ती, ट्हो टे, फुतासो दिना, म्हे त्ह ले पर्वलाई देशभरिका स्थानीय कार्यसमितिको अगुवाईमा मनाउन निर्देशन गर्नेछ ।

३. तमू समुदाय भित्र रहेका परम्परागत ज्ञान, सिपको संरक्षण, क्षमता अभिबृद्धि तथा आयआर्जन सम्बन्धि कार्यक्रमहरु भातृसंस्था युवा, महिला र विद्यार्थीको सहयोगमा गरिनेछ । यसरी नै तमू समुदायको आदिम ज्ञान, परम्परागत प्रथाजन्य

कानुनको ऐतिहासिकता, सांस्कृतिक आधार सम्बन्धी जानकारीलाई समेटी परिचय पुस्तिका तमू प्रज्ञा प्रतिष्ठानमार्फत प्रकाशनका लागि पहल गरिनेछ ।

४. यस वर्षको तमू ल्होसारको अवसरमा "तमू ह्युल सुँ ताँ" मुखपत्र प्रकाशन गरिनेछ ।

५. संस्थाको विधान अनुसार विभिन्न प्रकारका सदस्यता वितरणलाई यस बर्ष "सदस्यता बृद्धि अभियान"को रुपमा संचालन र सदस्यताको डिजिटल अभिलेख केन्द्रमा राख्ने व्यवस्था लागु गरिनेछ ।

६. संस्थाको केन्द्रीय कार्यालयको छत प्राविधिक जाँचबाट बिग्रका देखिएकोले, वाटरपुफ्रिङ विधिबाट तीन महिना भित्रमा पुर्ननिर्माण कार्य सम्पन्न गर्ने र यस भवनका विभिन्न कोठाहरु सहयोगदाताको आर्थिक सहयोग र स्मृतिमा तथा संस्थाको कार्ययोजनामा सुविधाजनक बनाउन पहल हुनेछ ।

७. संस्थाको केन्द्रीय कार्यसमितिबाट काठमाण्डौं टुढिखेलमा आयोजना हुने तमू ल्होसार कार्यक्रमलाई समयसापेक्ष रुपमा विकास गर्न कार्ययोजना निर्माण गर्नेछ ।

८. निर्माणाधिन तमू संग्रहालयको कार्यलाई पुर्णता दिन नेपाल सरकार, दातृ निकाय र सहयोगदाताहरुको खोजीका लागि पहलकदमी गर्ने र संग्रहालयमा राखिने आवश्यक सामग्रीहरुको संकलन देशभरिका तमूहरुबाट उनीहरुको नाम रहनेगरी संकलन गरिनेछ ।

९. काठमाण्डौं उपत्यका भित्र रहेका सम्पुर्ण तमू संघसंस्थासँग प्रत्येक तीन महिनामा कार्ययोजना परामर्श बैठक बसि तमू समुदायका विविध विषयमा छलफल कार्यक्रम संचालन साथै सो बैठक घुम्ती रुपमा बस्न प्राथमिकता दिइनेछ ।

१०. तमू समुदायका शहिद सुकदेव गुरुङ, सुपति गुरुङलाई शहिदको मान्यता र स्वर्गीय डाक्टर हर्क गुरुङलाई राष्ट्रिय विभुतीको सम्मान राज्यबाट प्रदान गराउनका लागि आवश्यक पहल र प्रक्रिया थालनी गरिनेछ । यसैगरी शहिद सुकदेव गुरुङसँग सम्बन्धित दस्तावेजको खोजी कार्यका लागि केन्द्रीय अध्ययन टोली गठन गरी पहल गरिनेछ ।

११. तमू लिपी खेमा लिपीको युनिकोडलाई व्यवहारिक प्रयोग गर्न तथा संस्थाको वेवसाइटलाई व्यवस्थित संचालनका लागि विज्ञहरुको खोजी र संचालनका लागि आवश्यक प्रबन्ध गरिनेछ ।

१२. तमूहरुको आदिम थलो क्होल सों प्रे ट्होको ऐतिहासिकताको संरक्षण र उत्खन्न पुरातात्विक हिसाबबाट गर्नका लागि विभिन्न देशमा क्रियाशील तमू संघसंस्थाहरुसँग सहकार्य गर्न पहल हुनेछ । साथै तमू जातिको उद्‌गम थलो सम्बन्धी आएका नयाँ तथ्यको थप अध्ययन, अनुसन्धान तमू प्रज्ञा प्रतिष्ठानमार्फत गर्ने र आर्थिक स्रोतका लागि परियोजना प्रस्ताव तयार गरिनेछ ।

१३. मुख्य दुई तमू महिलाको सामाजिक संस्थाहरुलाई एकिकरण गरि एउटै तमू महिला संगठन निर्माण गर्न मातृसंस्थाबाट एकतालाई निष्कर्षमा पुऱ्याउन अधिकतम प्रयास गरिनेछ ।

१४. तमू शिक्षित युवाहरुलाई निजामती, जङ्गी, सेवा, सस्थान आदिमा प्रवेशका लागि आर्थिक स्रोतको खोजी गरी हाललाई काठमाण्डौं र पोखरामा रहेका प्रवेश परिक्षा तालिम केन्द्रमा संस्थाकबाट सहभागीता गराउन प्रयत्न गरिनेछ ।

१५. तमू कलाकारहरुमार्फत देशका विभिन्न स्थानहरुमा साँस्कृतिक कार्यक्रमहरुको आयोजना गरी तमू जातिको संस्कृतिलाई टेवा दिने कार्यक्रम संचालन गर्न प्रयत्न गरिनेछ ।

अन्त्यमा यस प्रतिवेदनमा आएका विषयहरु मथि गहन रुपमा छलफल गरी राय, सुझाव दिनुहनका लागि अनुरोध गर्दछु । यहाँहरुको सक्रिय सहभागिता र रचनात्मक सहयोगले निश्चित रुपमा हाम्रा मूलभुत उद्देश्य र कार्यक्रमहरुलाई साकार पार्न हामी सफल हुनेछौं भन्ने विश्वास सहित यो प्रतिवेदन यहि टुंङयाउन चाहन्छु ।

जय नेपाल । जय तमू ॥

डम्बर बहादुर गुरुङ

महासचिव